# राजपत्र

**शुद्धोधन गाउँपालिकाद्धारा प्रकाशित**

**खण्ड : ४ शुद्धोधन, माघ ११ गते, २०७७ साल संख्याः १२**


भाग : २

## शुद्धोधन गाउँपालिकाको कर तथा गैरकर राजस्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७

**प्रस्तावना :** शुद्धोधन गाउँपालिकाको समग्र विकासको लागि शुद्धोधन गाउँपालिकामा राजस्व लगाउने तथा उठाउने सम्वन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, शुद्धोधन गाउँपालिकाको सभाले नेपालको संविधानको धारा २२६ को उपधारा (१) बमोजिम यो कानून बनाएको छ।

## परिच्छेद- १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१) यस कानूनको नाम "शुद्धोधन गाउँपालिकाको कर तथा गैरकर राजस्व सम्वन्धी ऐन ,२०७७" रहेको छ

२) यो कानून शुद्धोधन गाउँपालिका भित्र लागु हुनेछ र यस कानून बमोजिमको कर वा राजस्व बुझाउनु पर्ने दायित्व भएको व्यक्ति जहाँसुकै रहे बसेको भए पनि निजको हकमा समेत लागु हुनेछ।

३) यो कानून शुद्धोधन गाउँ शुद्धोधन गाउँसभाले परित गरी स्थानीय राजपत्रमा प्रकाशित भए पछि लागु हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेका यस ऐनमा

क) "कम्पनी" भन्नाले प्रचलित नेपाल कानून बमोजिम संस्थापन भएको कम्पनी सम्झनु पर्छ र सो शव्दले प्रचलित नेपाल कानून बमोजिम स्थापित संगठित संस्थालाई समेत जनाउँछ।

ख) "कर" भन्नाले परिच्छेद ४ बमोजिम लागेको वा लाग्ने कर सम्झनु पर्छ।

ग) "कर अधिकृत" भन्नाले स्थानीय सरकारले दफा ६ बमोजिम नियुक्त गरेको कर अधिकृत सम्झनुपर्छ र सो शव्दले कर अधिकृतको रुपमा काम गर्न जिम्मेवारी सुम्पेको वा कर अधिकृतको प्रत्यायोजित अधिकार प्रयोग गर्ने स्थानीय सरकारको अधिकृत स्तरको कर्मचारीलाई समेतजनाउँछ।

घ) "कर एकाई" भन्नाले शुद्धोधन गाउँपालिकामा कर सम्वन्धि काम, कारवाही र निर्णय गर्ने शुद्धोधन गाउँपालिकाको विभाग, महाशाखा, शाखा वा सो प्रयोजनको लागि तोकिएको कार्यालयको रुपमा रहेको स्थानीय सरकार अन्तर्गतको संगठन संरचना सम्झनु पर्छ ।सभाले परित गरी स्थानीय राजपत्रमा प्रकाशित भए पछि लागु हुनेछ।

ङ) "करदाता" भन्नाले कर तिर्नु पर्ने कर्तव्य भएको व्यक्ति सम्झनु पर्छ र सो शव्दले कर अधिकृतले कुनै करको विवरण बुझाउन सूचना दिएको वा अरु कुनै कारवाही प्रक्रिया शुरु गरेको व्यक्तिलाई समेत जनाउँछ।

च) "कर निर्धारण" भन्नाले कर निर्धारण सम्झनु पर्छ र सो शव्दले पुनः कर निर्धारण र अतिरिक्त कर निर्धारणलाई समेत जनाउँछ।

छ) "गैरकर राजस्व" भन्नाले परिच्छेद १४ बमोजिम लाग्ने वा लागेको गैरकर्र





राजस्व सम्झनु पर्छ।

ज) "परिवार" भन्नाले प्राकृतिक व्यक्तिको पति, पत्नी र अंश छुट्टिए वा नछुट्टिएका नावालिग सन्तान सम्झनु पर्छ।

झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले शुद्धोधन गाउँपालिकाको प्रशासकीय प्रमुखको रुपमा काम गर्ने कर्मचारी सम्झनु पर्छ।

ञ) "फर्म" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको वा दर्ता नभएको जुनसुकै फर्म सम्झनु पर्छ

ट) "व्यक्ति" भन्नाले कर तिर्नुपर्ने दायित्व भएको जुनसुकै व्यक्ति सम्झनु पर्छ।

ठ) "सभा" भन्नाले शुद्धोधन गाउँपालिकाको सभा सम्झनु पर्छ।

ड) "स्थानीय सरकार" भन्नाले स्थानीय तहको कार्यकारिणी अधिकार प्रयोग गर्ने शुद्धोधन गाउँपालिका सम्झनु पर्छ।

ढ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

ण) "गाउँपालिका" भन्नाले शुद्धोधन गाउँपालिकालाई सम्झनुपर्नेछ । यस शव्दले शुद्धोधन गाउँपालिकाको वडा कार्यालय समेतलाई जनाउनेछ।

**३. व्याख्या :** यो कानूनमा परिभाषा गरिएका लवजको सोही अनुसार र प्रचलित कानून व्याख्या सम्वन्धी संघीय ऐन तथा दफा ४ बमोजिमका सिद्धान्तका आधारमा हुनेछ।

## परिच्छेद -२
## राजस्व सम्वन्धी सामान्य सिद्धान्त

**४. कर तथा गैरकर राजस्व सम्वन्धी सामान्य सिद्धान्त :**

१) कर राजस्व देहायका सिद्धान्तलाई आधार लिई लगाईने छ,

क) कर तिर्न सक्ने क्षमताका आधारमा,

ख) कर प्रणाली समानता र न्यायमा आधारित रहने गरी,

ग) सरल, पारदर्शी र मितव्ययी हुने गरेर,

घ) नागरिकलाई सुविधा हुने किसिमवाट,

ङ) स्वेच्छिक रुपमा कर तिर्न प्रेरित हुने वातावरण सृजना गरेर,

च) करको आधार, करको दर र कर तिर्ने अवधि निश्चित गरेर,

छ) पश्चातदर्शी असर नपर्ने गरेर,

२) गैरकर राजस्व लगाउँदा र उठाउँदा उपलव्ध गराईने सेवा, सहुलियत र सुविधाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मानी लगाईने र उठाईने छ।

## परिच्छेद - ३
## कर प्रशासन सम्वन्धी व्यवस्था

**५. कर प्रशासन :**

१) नेपालको संविधानको व्यवस्था अनुरुप आफ्नो अधिकार क्षेत्रभित्रको कर तथा गैरकरको प्रशासन शुद्धोधन गाउँपालिकाले गर्नेछ।

२) उपदफा (१) बमोजिमको कर प्रशासन व्यावसायिक, दुरुस्त र प्रभावकारी बनाउन आवश्यकता अनुसार कर एकाई रहन सक्नेछन्।

**६. कर्मचारी सम्वन्धी व्यवस्था :**

१) स्थानीय सरकारवाट स्वीकृत दरवन्दी अनुसारका विभिन्न श्रेणी र तहका कर्मचारी कर एकाईमारहन सक्नेछन्।

२) कर एकाईमा स्थानीय सरकारले प्रचलित कानून बमोजिम स्वीकृत दरवन्दीका आधारमा एक वा सो भन्दा वढी तहका कर अधिकृतहरु, कर सहायक तथा सहयोगीहरुलाई काममा लगाउन सक्नेछ।

**७. कर अधिकृतको काम, कर्तव्य र अधिकार :** यस कानूनमा अन्यत्र उल्लेख भएका काम, कर्तव्य र अधिकारका अतिरिक्त कर अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) करदाता दर्ता गर्ने।

ख) करदाताबाट विवरण प्राप्त गर्ने।

ग) कर परीक्षण तथा अनुसन्धान गर्ने।

घ) कर संकलन गर्ने।

ङ) कर तथा गैर कर राजस्व चुहावट रोक्न आवश्यक कार्य गर्ने।

च) करदातामैत्री वातावरण बनाउन उपर्युक्त र आवश्यक कार्य गर्ने।

छ) कर सम्वन्धी जनचेतना अभिवृद्धि गर्न कार्यक्रम सञ्चालन गर्ने।

ज) कर कानून र कर प्रशासनका क्षेत्रमा सुधार गर्नुपर्ने बिषयमा गाउँपालिकालाई सुझाव दिने।

झ) राजस्वको प्रक्षेपण गर्न आवश्यक सूचना उपलव्ध गराउने।

ञ) करदाताका स्रेस्ता र हरहिसाव दुरुस्त राख्न लगाउने।

ट) कर सम्वन्धी अभिलेख दुरुस्त राख्ने।

ठ) कर सम्बन्धी अन्य आवश्यक कार्यहरु गर्ने।

**८. अधिकार प्रत्यायोजन :**

१) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले संविधान र यस कानून बमोजिम आँफुमा रहेको कर तथा राजस्व उठाउने अधिकार कर अधिकृत लाई प्रत्यायोजन गर्न सक्नेछ।

२) कर अधिकृतले आफुलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार आफ्नोसामान्य रेखदेख र नियन्त्रणमा रहने गरी आफु मातहतको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।





३) कर अधिकृतले आफुलाई प्राप्त अधिकार प्रत्यायोजन गर्ने सम्वन्धमा स्थानीय सरकारबाट कुनै खास निर्देशन भएकोमा सोही बमोजिम गर्नु पर्नेछ।

**९. प्रत्यायोजित अधिकार र जिम्मेवारी :**

१) दफा ८ बमोजिमको प्रत्यायोजन गरिएको अधिकारको जिम्मेवारी अधिकार प्रत्यायोजन गर्ने अधिकारीमा रहनेछ

२) दफा ८ बमोजिम प्रत्यायोजित अधिकार प्रयोग गर्नेले सो अधिकारको प्रयोग गर्दा अधिकार प्रत्यायोजन गर्ने प्रति उत्तरदायी रही प्रयोग गर्नु पर्नेछ।

## परिच्छेद - ४
## कर राजस्व सम्वन्धी व्यवस्था

**१०. सम्पत्ति कर :** शुद्धोधन गाउँपालिकाले आफ्नो क्षेत्राधिकारभित्र देहाय बमोजिम सम्पत्ति कर लगाउने र उठाउनेछ।

१) गाउँपालिकाका क्षेत्र भित्र बनेका घर र सो घरले चर्चेको जग्गाको दोब्बर क्षेत्रफल सम्मको जग्गामा सम्पत्ति कर लगाईनेछ।

२) यस दफाको प्रयोजनका लागि घर भन्नाले घर, गोदाम, हल, टहरा, सेड वा यस्तै संरचनालाई सम्झनुपर्नेछ।

३) उपदफा १ बमोजिम सम्पत्ति कर लगाउन भनि तोकिएका जग्गा बाहेकका अन्य जग्गामा भूमीकर लगाईनेछ।

४) प्रत्येक आ.व.का लागि सम्पत्ति कर प्रयोजनका लागि घर र जग्गाको न्युनतम मूल्यांकन दर तथा मुल्यांकित रकममा लाग्ने सम्पत्ति करको दर शुद्धोधन गाउँपालिकाको आर्थिक ऐनले निर्धारण गरे बमोजिम हुनेछ।

५) उपदफा ४ बमोजिम घर र जग्गाको मूल्यांकन गर्दा देहायको आधार लिईनेछ।

क) घरको आकार, प्रकार, बनोट, आयु, निर्माण सम्पन्न भएको वर्ष, र ह्रास मूल्य, जग्गाको क्षेत्रफल, ख) घर जग्गा रहेको स्थानको भौगोलिक सुगमता वा दुर्गमता ,

ग) उपयोगको अवस्था (व्यापारिक, व्यसायिक, औद्योगिक, व्यापारिक, आवासीय, कृषि आदी),

घ) स्थानीय पूर्वाधार विकासको अवस्था (सडक, पुल, ढलनिकास,शिक्षा, स्वास्थ्य, सिँचाई सुविधा आदी।

६) उपदफा५(क) बमोजिम घरको ह्रासकट्टी गर्दा अनुसूची (१) बमोजिम गरिनेछ।

७) उपदफा ६ बमोजिम ह्रासकट्टी प्रयोजनका लागि घरको शरु मूल्य भन्नाले उपदफा ४ बमोजिम मूल्यांकित ईकाई मूल्य दरले घरको कूल क्षेत्रफललाई गुणन गर्दा हुन आउने रकमलाई बुझ्नु पर्नेछ।

८) उपदफा ४ बमोजिम घरजग्गा मुल्यांकन गर्न देहायको घरजग्गा मुल्यांकन समिति गठन गर्न सकिनेछ।

क) गाउँपालिकाले तोकेको कार्यपालिकाका सदस्य एक जना - संयोजक

ख) गाउँपालिकाको नक्सा शाखाका ईन्जिनियर एक जना - सदस्य

ग) गाउँपालिकाले तोकेको घर जग्गा सम्वन्धी विज्ञ एक जना - सदस्य

घ) कर एकाईको प्रमुख - सदस्य सचिव

९) घर जग्गा मूल्यांकन समितिले स्थानीय तहको कुनै पदाधिकारी वा अधिकृत वा अन्य कुनै विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

१०) घर जग्गा मुल्यांकन समितिले प्रत्येक ३ (तीन) वर्षमा घर जग्गा मूल्यांकनका आधार र दर रेटको सुझाव सिफारिस गर्न सक्नेछ।

११) घर जग्गा मूल्यांकन समितिले बैठकको कार्यविधि आफै निर्धारण गर्न सक्नेछ।

१२) सम्पत्ति करको प्रयोजनका लागि सम्पत्तिको स्वामित्व देहायको व्यक्तिमा रहेको मानिनेछ।

क) आर्थिक बर्षको पहिलो दिन जुन सम्पत्ति जसको स्वामित्वमा रहेको छ। सो सम्पत्ति सोही व्यक्तिको नाममा भएको मानिनेछ र उक्त सम्पत्ति नामसारी गर्नु परेमा सम्पत्ति तथा भूमीकर कर चुक्ता गरेपछि मात्र नामसारी हुनेछ।

ख) कुनै सम्पत्ति एक भन्दा बढी व्यक्तिहरुको संयुक्त स्वामित्वमा रहेकोमा स्वामित्व स्पष्ट भएकोमा सोही अनुसार र अन्यथा सबैको वरावर हक रहेको मानिनेछ।

१३) करदाताले प्रत्येक बर्ष सम्पत्तिको स्वयं घोषणाको फाईल तयार गरी गाउँपालिकामा विवरण पेश गर्नु पर्नेछ।

१४) कर ईकाईले दफा ११ बमोजिम पेश भएको सम्पत्ति विवरण लाग्ने कर हिसाब गरि राजश्व बुझिलिई करदातालाई कर विजक दिनुपर्नेछ।

१५) कर असुलीमा प्रभावकारिता ल्याउन र समय सिमा भित्रै कर असुली गराउन आर्थिक ऐनमा व्यवस्था गरि निश्चित अवधिका लागि कर छुटको व्यवस्था गर्न सकिनेछ।

१६) नाबालकको नाममा रहेको सम्पत्ति लाग्ने भूमीकर दाखिला गर्ने दायित्व निजको संरक्षक वा माथवर व्यक्तिको हुनेछ।

१७) सम्पत्ति कर र भूमीकर दुवै प्रयोजनका लागि जग्गाको मूल्यांकन दर र करको दर समान भएको अवस्थामा कर एकाईले करदाताबाट दफा १० बमोजिमको सम्पत्ति कर र दफा ११ बमोजिमको भूमीकरको रकम बुझिलिई करदातालाई एकीकृत रुपमा एउटै विल/रसिद दिन बाधा पर्नेछैन।





१८) यस दफा बमोजिम सम्पत्ति कर तथा भुमीकर लागेको सम्पत्तिमा घरधुरी कर र मालपोत लगाइने छैन।

**११. सम्पत्ति तथा भूमीकर कर नलाग्ने**

१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि देहायको सम्पत्तिमा सम्पत्ति कर तथा भूमिकर (मालपोत) लाग्ने छैन :-

क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारको स्वामित्वमा रहेको घर र जग्गा,

ख) सरकारी अस्पतालको भवन र जग्गा।

ग) गुठीको स्वामित्वमा रहेको जग्गा।

घ) सरकारी शिक्षण संस्था र अन्य सरकारी निकायको स्वामित्वमा रहेको भवन र जग्गा।

ङ) धार्मिक संस्था (मन्दिर, गुम्बा, चर्च, मस्जिद आदि) को भवन र जग्गा।

च) खानेपानी सङ्कलन पोखरी, हवाई मैदान, विद्युत उत्पादन गृह, मसानघाट, बसपार्क, रंगशाला, उद्यान, पार्क जस्ता सार्वजनिक उपयोगका स्थलहरू।

छ) राजदूतावास, वाणिज्य नियोग, कुटनैतिक नियोगका भवन र जग्गा।

ज) लालपुर्जामा जग्गा भएको तर उक्त जग्गा बाटोले काटेको हकमा काटेको जति जग्गा।

**१२. घर बहाल कर :**

१) गाउँपालिकाले आफ्नो क्षेत्र भित्र वहालमा लगाएको घरको आकार, प्रकार, बनौट र चर्चेको जग्गा (प्लिन्थ एरिया) को आधारमा घर बहाल कर लगाई असुल उपर गर्नेछ।

**स्पष्टिकरण :**

१) यस दफाको प्रयोजनको लागि घर भन्नाले भवन, गोदाम, टहरा, छप्पर (सेड), कारखाना र यस्तै पक्कि वा कच्चा संरचना र जग्गा समेतलाई सम्झनु पर्नेछ।

२) घर बहालमा लगाउने व्यक्ति घर बहाल करको करदाता हुनेछ। कम्पनी वा संस्था मार्फत घर बनाई घर बहालमा दिएको हकमा उक्त कम्पनी वा संस्था घर बहाल करको करदाता हुनेछ।

३) घर बहालमा दिदा प्रत्येक घर धनीले सम्झौता गरी त्यस्तो सम्झौताको प्रति वा सम्झौतामा संशोधन गरिएमा त्यस्तो विवरण सो कार्य भएको मितिले ३५ दिनभित्र गाउँपालिकाको कर एकाईमा बुझाउनु पर्नेछ ।

४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कार्यालय, कम्पनी, फर्म, एजेन्सी, परामर्शदाता वा जुनसुकै प्रकारको संगठित संस्थाले घर बहालमा लिएकोमा बहाल भुक्तानी गर्दा अग्रिम कर कट्टी गरी घर धनीका

तर्फबाट कर एकाईमा घर बहाल कर बुझाउनु पर्नेछ।

५) उपदफा (४) बमोजिम अग्रिम कर कट्टी गरी दाखिला गर्नु पर्ने घर वहाल कर कर कट्टी भएको महिना पछिको महिनाको १५ गते भित्र दाखिला गर्नु पर्नेछ।

६) यस दफा प्रयोजनका लागि गाउँपालिकाले आर्थिक ऐनमा न्यूनतम मासिक घर बहाल रकम तोक्न सकिनेछ।

७) संगठित संस्था बाहेकका घर वहालमा दिने अन्य घरधनीले घर वहाल करको विवरण प्रत्येक आर्थिक वर्षको आश्विन मसान्तभित्र कर ईकाईमा पेश गरि राजश्व बुझाउनुपर्नेछ।

८) आर्थिक ऐनमा व्यवस्था गरि एक आर्थिक वर्षको घर वहाल कर एकमुष्ट अग्रिम रुपमा श्रावण महिना भित्र दाखिला गर्ने करदातालाई घरवहाल करमा छुट दिन सकिनेछ।

९) आर्थिक ऐनमा व्यवस्था गरि बहालमा दिएको घरजग्गाको बहालको प्रयोजन अनुसार (औद्योगिक र व्यवसायिक प्रयोजन, कृषि उत्पादन प्रयोजन, आवास प्रयोजन बहाल करको बहुदर तोक्न सकिनेछ।

**<u>१३. घर जग्गा रजिष्ट्रेशन शुल्क :</u>**

१) शुद्धोधन गाउँपालिकाले घर, जग्गा व घर जग्गा रजिष्ट्रेशन शुल्क लगाई उठाउन सक्नेछ।

२) गाउँपालिकाले उपदफा (१) बमोजिम घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन शुल्क उठाउँदा अन्तर सरकारी वित्ता व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेशले लगाएको घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन शुल्क समेत उठाउनु पर्नेछ। यसरी असुल भएको घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन शुल्क रकम मध्ये पालिकाले लगाएको सबै र प्रदेशले लगाएको घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन शुल्क को २ प्रतिशत रकम गा.पा.को संचित कोषमा दाखिला गरी प्रदेशले लगाएको बाँकी ९८ प्रतिशत रकम प्रदेश संचित कोषमा दाखिला गर्नुपर्नेछ।

(३) गाउँपालिका क्षेत्र भित्र घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन परित गरी गराई स्वामित्व प्राप्त गर्ने व्यक्तिले घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन शुल्क बुझाउनु पर्नेछ।

(४) घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन शुल्क स्वामित्व हस्तान्तरण गर्दाको समयमा बुझाउनु पर्नेछ।

(५) घर जग्गा रजिष्ट्रेशन शुल्क प्रत्येक कारोबारको लिखतमा उल्लेख भएको थैली वा सो प्रयोजनका लागि निर्धारण गरिएको न्यूनतम रकम बमोजिम त्यस्तो घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन गर्ने कार्यालयबाट असुल उपर गरिनेछ।





(६) रजिष्ट्रेशन शुल्क थैली रकम वा सो प्रयोजनका लागि तोकिएको रकम मध्ये जुन बढी हुन्छ सो रकमको १ प्रतिशत हुनेछ।

(७) घर, जग्गा वा घर जग्गाको स्वामित्व प्राप्त गर्ने व्यक्ति महिला नगरिक भएमा उपदफा (६) बमोजिम लाग्ने शुल्कमा २५ प्रतिशत रकम छुट हुनेछ।

(८) संघीय, प्रदेश र स्थानीय सरकार तथा सरकारी निकायलाई रजिष्ट्रेशन शुल्क लाग्ने छैन।

(९) गाउँपालिकाले घर जग्गा रजिष्ट्रेशन परित गर्दाको अवस्थामा नेपाल सरकारले तोकेको दरमा पुंजीगत लाभकर असुल गरी तोकेको राजश्व खातामा जम्मा गर्नुपर्नेछ।

**<u>१४. सवारी साधन कर :</u>**

१) शुद्धोधन गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेको सवारी साधनमा सवारी साधन कर लगाउन सक्नेछ।

**<u>"स्पष्टिकरण" :</u>** यस दफाको प्रयोजनकोलागि "सवारी साधन" भन्नाले साधारण यान्त्रिक संरचना भएका टाँगा, रिक्सा, ई-रिक्सा र टेम्पो यस्तै सवारीका साधनलाई सम्झनु पर्छ।

२) उपदफा (१) बमोजिम सवारी साधन कर लगाउदा सवारी साधनको प्रकृति र क्षमताका आधारमा समान प्रकृतिका सवारी साधनलाई समान दर कायम हुने गरी लगाईने छ।

३) यस दफको प्रयोजनका लागि सवारी साधनहरु अनिवार्य रुपमा गाउँपालिकामा दर्ता गर्नुपर्नेछ।

४) यस दफा बमोजिमको लगाईएको सवारी साधन करको राजश्व प्रदेशमा पठाउनु पर्नेछैन।

५) प्रत्येक वर्षको आश्विन मसान्तमा सवारी साधन धनीले यस दफा बमोजिमको कर दाखिला गरी सवारीको अनुमति नविकरण गराउन पर्नेछ।

**<u>१५. भूमिकर (मालपोत):</u>**

१) शुद्धोधन गाउँपालिकाले भूमिकर (मालपोत) लगाई उठाउन सक्नेछ।

२) यस ऐन बमोजिम सम्पत्ति कर लाग्ने घर र जग्गा बाहेकको अन्य जग्गामा भूमिकर मालपोत लाग्नेछ र त्यस्तो जग्गाको जग्गा धनिले भूमिकर (मालपोत) तिर्नुपर्नेछ।

३) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार र कूटनीतिक नियोगको नाममा भएका जग्गामा भूमिकर (मालपोत) लाग्ने छैन।

४) प्राकृतिक प्रकोपको अवस्था वा अन्य गम्भीर परिस्थितिमा गाउँपालिकाले आधार र कारण खोली त्यसबाट प्रभावित सबैले समान सुविधा पाउने गरी भूमीकरमा छुट वा मिनाहा दिने निर्णय गर्न सक्नेछ।

५) उपदफा (४) बमोजिम छुट दिने निर्णय भएकोमा सो निर्णय भएको मितिले १५ दिनभित्र त्यसको सूचना गाउँ सभाको बैठक चलेको भए गाउँ सभामा पेश गर्नु पर्नेछ र बैठक नचलेको भए त्यस पछि वस्ने सभाको पहिलो बैठकले पारित गर्नु पर्नेछ।

६) गाउँपालिकाले यस दफा बमोजिमको भूमिकर (मालपोत) आफैले उठाउन वा नेपाल सरकार अन्तर्गतको कुनै कार्यालय मार्फत उठाउने व्यवस्था गर्न सक्नेछ।

७) भूमिकर (मालपोत) प्रत्येक वर्ष आसोज महिनाभित्र सम्बन्धित वडा कार्यालय वा गाउँपालिकाले तोकेको कार्यालयमा बुझाउनु पर्नेछ।

८) गाउँपालिकाले प्राकृतिक प्रकोपको अवस्था वा विशेष परिस्थिति सिर्जना भएकोमा आधार र कारण खोली गाउँपालिका भर वा त्यसको कुनै खास क्षेत्र तोकी सो क्षेत्रको जग्गाको भूमिकर बुझाउने म्याद बढाउन सक्नेछ। सो म्याद भित्र भूमिकर (मालपोत) बुझाएकोमा म्याद भित्र बुझाएको मानिनेछ र थप शुल्क लाग्ने छैन।

**१६. मनोरन्जन कर :**

१) शुद्धोधन गाउँपालिकाले गाउँक्षेत्र भित्रका चलचित्र घर, भिडियो घर, सांस्कृतिक प्रदर्शन हल, कन्सर्ट, प्रदर्शनी, मेला जस्ता मनोरन्जन स्थलमा देखाईने मनोरन्जनका साधनमा मनोरन्जन कर लगाई उठाउन सक्नेछ।

२) उपदफा (१) बमोजिमको मनोरन्जन कर तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेशले लगाएको मनोरन्जन कर मनोरन्जन स्थलको संचालकले मनोरन्जनको लागि टिकट विक्री गर्दाको अवस्थामा असुल गर्नेछ। यसरी असुल भएको मनोरन्जन कर रकम मध्ये गाउँपालिकाले लगाएको सबै र प्रदेशले लगाएको मनोरन्जन करको दुई प्रतिशत रकम गाउँपालिकको संचित कोषमा दखिला गरी प्रदेशले लगाएको बाँकी अन्ठानव्वे प्रतिशत रकम प्रदेश संचित कोषमा दाखिला गर्नु पर्नेछ

३) उपदफा (२) बमोजिम उपभोक्तावाट असुल गरेको मनोरन्जन करको रकम असुल गरेको महिना भन्दा पछिको महिनाको १५ गते भित्र कर एकाईमा दाखिला गर्नु पर्नेछ।

**१७. विज्ञापन कर :**

१) गाउँपालिकाले गाउँक्षेत्रभित्र राखिएका होर्डिङ वोर्ड, ग्लो साईनबोर्ड, भित्तेलेखन र ब्यानरमा विज्ञापन कर लगाई असुल गर्न सक्नेछ।

२) गाउँपालिकाले उपदफा (१) बमोोजिमको विज्ञापन कर शुल्क उठाउँदा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेशले लगाएको विज्ञापन कर समेत उठाउनु पर्नेछ। यसरी असुल भएको विज्ञापन कर





रकम मध्ये गाउँपालिकाले लगाएको सबै र प्रदेशले लगाएको विज्ञापन करको २ प्रतिशत रकम गाउँपालिको संचित कोषमा दाखिला गरी प्रदेशले लगाएको वाँकी अन्ठानव्वे प्रतिशत रकम प्रदेश संचित कोषमा दाखिला गर्नु पर्नेछ।

३) विज्ञापन कर विज्ञापन राख्न अनुमतिका लागि निवेदन दिनेवाट असुल उपर गरिनेछ।

४) यस दफा बमोजिमको विज्ञापन सामग्री राख्न गाउँपालिकावाट अनुमति लिनु पर्नेछ।

५) उपदफा (४) बमोजिमको अनुमति पत्र दिंदा सर्वसाधारण जनताको हित सम्वन्धी अन्य कुराका अतिरिक्त विज्ञापन राख्न पाउने अवधि, नवीकरण गर्नु पर्ने समय, नवीकरण नगरेमा लाग्ने शुल्क, गाउँको सुन्दरता, सामग्रीको भाषिक शुद्धता र शिष्ट एवं शालीन हुनुपर्ने जस्ता शर्त किटान गरेर मात्र दिनुपर्नेछ।

६) कुनै कम्पनी, फर्म, एजेन्सी, संस्था वा व्यक्तिले अरु कसैले प्रायोजन गरेको होर्डिङ बोर्ड राखेमा यस दफा बमोजिमको विज्ञापन कर सम्वन्धित प्रायोजकबाट असूल उपर गरी राजश्व एकाई वा सो एकाईले तोकेको सम्बन्धित बैंक खातामा दाखिला गर्नुपर्नेछ।

७) व्यापारिक वा व्यावसायिक प्रयोजनका लागि राखिएका विज्ञापनमा लागेकोकर छुट वा मिनाहा हुन सक्ने छैन।

८) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकार वा अन्य सरकारी निकायको तर्फवाट राखेका विज्ञापनमा कर लाग्ने छैन।

**१८. व्यवसाय कर :**

१) गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको उद्योग, व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय दर्ता तथा नवीकरणमा वार्षिक रुपमा व्यवसाय कर लगाउन र उठाउन सक्नेछ

२) एकै व्यक्तिले आफ्नो नाममा एक वा एकै प्रकृतिका व्यवसाय वा शाखा एक वा सो भन्दा बढी स्थानमा संचालन गरेकोमा ६० दिन भित्र त्यस्तो व्यवसायको जानकारी कर एकाईलाई दिनुपर्नेछ।

३) करदाताले व्यवसाय संचालन गर्दा निवेदन साथ पेश गरेको विवरणमा हेरफेर, परिवर्तन वा नामसारी गर्नु पर्ने भएमा त्यसको कारण खोली कारण परेको ३५ दिन भित्र आर्थिक विकास शाखामा सम्पर्क गर्नुपर्नेछ र सोको जानकारी कर एकाईलाई पनि दिनुपर्नेछ।

४) कर अधिकृतले करदाताले यस दफा बमोजिम पेश गरेको विवरण छानविन गरी अन्यथा देखिए यथार्थ विवरण पेश गर्न ३० दिनको म्याद दिई करदातालाई सूचना दिन सक्नेछ।

५) एक पटक व्यवसाय दर्ता भए पछि दर्ता खारेजीको निवेदन नपरेसम्म सो व्यावसाय संचालन रहेको मानी कर असूल गरिनेछ।

६) कुनै करदाताले लाग्ने कर बुझाई व्यवसाय दर्ता खारेज गर्न निवेदन दिन सक्नेछ ।

## परिच्छेद - ५
## करदाता दर्ता सम्वन्धी व्यवस्था

### १९. करदाताको पहिचान तथा दर्ता :

१) व्यवसाय संचालन गर्नुपूर्व दर्ता गरेर मात्र व्यवसाय संचालन गर्नु पर्नेछ।

२) कर एकाईले यस ऐन बमोजिम कर तिर्नु पर्ने व्यक्ति वा करदाताको पहिचान गर्नु पर्नेछ।

३) उपदफा (२) बमोजिम करदाताको पहिचान गर्दा व्यक्ति वा करदाताको नाममा रहेको सम्पत्ति, निजले गरेको कारोवार र कर एकाईलाई कुनै स्रोतवाट प्राप्त सूचना र सो एकाईले छानविन गर्दा देखिएका आधारमा करदाताको पहिचान गरिनेछ।

४) कर एकाईले यस ऐन बमोजिम कर तिर्नु पर्ने दायित्व भएका करदाताको विवरण खुलाई करदाता दर्ता गरी राख्नु पर्नेछ।

५) नेपाल सरकारबाट स्थायी लेखा नं. लिएका कर दाताले कर सम्बन्धी कारोवार गर्दा सोही नम्वरको प्रयोग गर्नुपर्नेछ।

### २०. करदाताको दायित्व :

यस ऐन बमोजिम कर तिर्नु पर्ने कर्तव्य भएका करदाताको देहाय बमोजिमको दायित्व हुनेछ :

क) आंफुलाई करदाताको रुपमा दर्ता गराउने।

ख) निर्धारित समयमा विवरण पेश गर्ने।

ग) निर्धारित समयमा कर दाखिला गर्ने।

घ) हिसाव किताव र अभिलेख दुरुस्त राख्ने।

ङ) कर एकाइलाई आवश्यक सहयोग गर्ने।

### २१. करदाताको अधिकार :

१) करदातालाई देहाय बमोजिमको अधिकार हुनेछ।

क) सम्मानपूर्वक व्यवहारको अधिकार,

ख) प्रचलित कानून बमोजिम कर सम्वन्धी सूचना प्राप्त गर्ने अधिकार,

ग) कर सम्वन्धी विषयमा प्रमाण पेश गर्ने मौका प्राप्त गर्ने अधिकार,

घ) प्रतिरक्षाको लागि कानून व्यवसायी वा लेखापरिक्षक नियुक्त गर्ने अधिकार,

ङ) कर सम्वन्धी गोप्य कुराहरु ऐनमा उल्लेख भए बाहेक अनतिक्रम्य हुने अधिकार,



खण्ड : ४ शुद्धोधन, माघ ११ गते, २०७७ साल संख्याः १२

२) करदाताले उपदफा (१) बमोजिमको अधिकारको दावी गर्न आफ्नो दायित्व पुरा गरेको हुनु पर्नेछ ।

### २२. करदाताको प्रतिनिधित्व :

१) करदाताको प्रतिनिधित्व करदाताको परिवारको १८ वर्ष उमेर पुगेको सदस्य, माथवर व्यक्ति वा निजको कानून व्यवसायी वा लेखापाल वा लेखापरीक्षक वा निजले लिखित रुपमा अख्तियारी दिई पठाएको उमेर पुगेको वारेसले गर्न सक्नेछ।

२) उपदफा (१) बमोजिम प्रतिनिधित्व गर्न सक्ने व्यक्तिका तर्फवाट गरिएका काम कारवाही करदाता स्वयंले गरेको मानिनेछ।

## परिच्छेद - ६
## विवरण दाखिला सम्वन्धी व्यवस्था

### २३. विवरण दाखिला गर्न आदेश दिन सक्ने :

१) यस ऐन बमोजिम कर बुझाउनुपर्ने दायित्व भएको व्यक्तिले कर विवरण नवुझाएमा वाविवरण दाखिला गर्दा व्यहोरा फरक पारी दाखिला गरेको भनी शंका गर्न सकिने आधार र कारणभएमा कर अधिकृतले आधार र कारण खोली कर विवरण दाखिला गर्न आदेश दिन सक्नेछ । त्यस्तो आदेश प्राप्त भएमा सम्वन्धित व्यक्तिले सो आदेश प्राप्त भएको मितिले एक महिना भित्रकर एकाईमा विवरण दाखिला गर्नु पर्नेछ।

२) उपदफा १ बमोजिमको म्याद भित्र विवरण दाखिला गर्न नसक्ने सम्वन्धित व्यक्तिले आधार र कारण खोली समयावधि थपको लागि निवेदन दिएमा कर अधिकृतले तीस दिन सम्मको समयावधि थप दिन सक्ने छ।

### २४. विवरण सच्याउन सकिने :

यस परिच्छेद बमोजिम कर विवरण दाखिला भई सकेपछि कुनै तथ्य सम्वन्धी वा गणितीय भूल भएको भन्ने लागेमा करदाताले पहिला विवरण दाखेल भएको मितिले ३ महिना भित्र यथार्थ, तथ्य र सही अंक सहितको अर्को विवरण पेश गर्न सक्नेछ।

## परिच्छेद - ७
## कर दाखिला सम्वन्धी व्यवस्था

### २५. कर दाखिला गर्नुपर्ने :

१) यस ऐन बमोजिम दाखिला गर्नुपर्ने कर ऐनको परिच्छेद ४ मा उल्लेख गरिएकोमा सोही समयमा र समय उल्लेख नभएको हकमा प्रत्येक

आर्थिक वर्षको आश्विन मसान्त भित्र कर एकाईमा दाखिला गर्नु पर्नेछ।

२) यस ऐन बमोजिम अग्रिम कर कट्टी गरी दाखिला गर्नु पर्ने कर कर कट्टी भएको महिना पछिको १५ गते भित्र कर एकाईमा दाखिला गर्नु पर्नेछ।

**२६. कर दाखिलाको निस्सा (रसिद) दिनुपर्ने:**

करदाताले यस ऐन बमोजिम बुझाउनु पर्ने कर वा गैरकर राजस्व वा अन्य रकम बुझाएपछि करदातालाई तत्काल त्यसको निस्सा (रसिद) दिनु पर्नेछ।

## परिच्छेद -८
## कर फिर्ता र समायोजन

**२७. कर फिर्ता सम्वन्धी व्यवास्था :**

१) करदाताले यस ऐनबमोजिम कर बुझाउदा तिर्नु पर्ने भन्दा बढी कर दाखिला गरेकोमा सो कर रकम फिर्ता माग गर्न सक्नेछ।

२) उपदफा (१) बमोजिम फिर्ताको लागि निवेदन परेकोमा व्यहोरा साँचो देखिएमा कर अधिकृतले निवेदन परेको एक महिना भित्र माग बमोजिम फिर्ता दिने निर्णय गर्नु पर्नेछ।

**२८. कर समायोजन सम्वन्धी व्यवस्था :**

१) करदाताले दफा२६ बमोजिम फिर्ता पाउने ठहरिएको रकम दाखिला गर्नु पर्नेकर रकममा समायोजन गर्न कर अधिकृत समक्ष निवेदन दिन सक्नेछ।

२) उपदफा (१) बमोजिम निवेदन परेकोमा व्यहोरा साँचो देखिएमा कर अधिकृतले निवेदन परेको एक महिना भित्र माग बमोजिम समायोजन गर्न आदेश दिनु पर्नेछ।

## परिच्छेद -९
## कर परीक्षण र कर निर्धारण

**२९. कर परीक्षण र कर निर्धारण :**

१) यस ऐन बमोजिम करदाताले विवरण पेश नगरेको वा पेश गरेको विवरणमा देहायका सबै वा कुनै काम कुरा भए गरेको देखिएमा कर अधिकृतबाट कर परीक्षण गरी कर निर्धारण गरिनेछ।

क) खातापाता, हरहिसाव वा अभिलेख दुरुस्त नदेखिएमा।

ख) गलत वा झुट्टा कागजात/विवरण संलग्न गरेको देखिएमा।

ग) यथार्थ कारोवार नदेखाएको विश्वास गर्नुपर्ने कारण भएमा।

घ) कारोवारका आधारमा करको दायित्व कम देखाएकोमा।





ङ) करको दर फरक पेरकोमा।

च) कानून बमोजिम कर छुट वा मिनाहा हुन नसक्नेमा पनि सो को दावी गरेकोमा।

२) उपदफा (१) बमोजिम कर निर्धारण गर्नुपर्ने देखिएमा करदातालाई आधार र कारण खुलाई आफ्नो स्पष्टीकरण पेश गर्न ३०दिनको सूचना दिनु पर्नेछ।

३) उपदफा (२) बमोजिम सूचना प्राप्त भएकोमा करदाताले सूचनामा तोकिएको म्याद भित्र आफ्नो स्पष्टिकरण पेश गर्नु पर्नेछ।

४) कर अधिकृतले उपदफा (३) बमोजिम तोकिएको म्याद भित्र करदाताले स्पष्टीकरण पेश गरेमा सो समेतलाई आधार बनाई र स्पष्टीकरण पेश नगरेको कानून बमोजिम कर निर्धारण गर्नु पर्नेछ।

५) स्वयं कर निर्धारण गरी विवरण पेश गरेको मितिले चार बर्ष भित्र कर अधिकृतले पुनः कर निर्धारण वा संशोधित कर निर्धारण गर्नु पर्ने सन्तोषजनक आधार र कारण भएमा करदातालाई सफाईको मौका दिई त्यस्तो कर निर्धारण गर्न सक्नेछ।

**३०. कर निर्धारणको सूचना :**

१) यस ऐन बमोजिम कर अधिकृतवाट कर निर्धारण भएकोमा बुझाउनु पर्ने कररकम, स्थान,समय सिमा र बैंक खाता नम्वर समेत उल्लेख गरी करदातालाई कर निर्धारणको सूचना दिनु पर्नेछ।

२) यस ऐन बमोजिमको कर दाखिला गर्दा निर्धारणको सूचना प्राप्त भएपछि करदताले सो सूचनामा उल्लेखित स्थान र समय सिमा भित्र कर दाखिला गर्नु पर्नेछ।

३) उपदफा (१) बमोजिम कर रकम बैंक दाखिला गरिएकोमा करदाताले त्यसको सम्वन्धित भौचर कर शाखामा बुझाउनु पर्नेछ।

## परिच्छेद - १०
## कर संकलन सम्वन्धी व्यवस्था

**३१. कर संकलन सम्वन्धी व्यवस्था :**

१) यस ऐन बमोजिम असुल उपर गर्नु पर्ने कर, व्याज र शुल्क वापतको रकम करदाताले यस ऐनमा तोकिएको अवधिमा दाखिला नगरेमा कर अधिकृतले प्रमुख प्रशासकीय अधिकृतको पूर्व स्वीकृती लिई देहायको एक वा एक भन्दा वढी तरिका बमोजिम कर असुल गर्न सक्नेछ।

क) करदातालाई फिर्ता गर्नु पर्ने रकम भए त्यसमा कट्टा गरेर

ख) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा सरकारी स्वामित्वका संस्थावाट करदाताले पाउने रकमवाट कट्टा गर्न लगाएर।

ग) कुनै तेस्रो व्यक्तिले करदातालाई तिुर्नपर्ने रकम करदाताको पूर्व सहमति लिई कट्टा गरेर,

घ) बैंक वा वित्तिय संस्थामा रहेको करदाताको रकमवाट कट्टा गर्न लगाएर,

ङ) करदाताको कारोवार रोक्का गरेर,

च) करदाताको चल तथा अचल सम्पत्ति माथि दावी वा कव्जा गरेर,

छ) करदाताको सम्पत्ति एकै पटक वा पक पटक गरी तोकिएबमोजिम लिलाम बिक्री गरेर

२) उपदफा (१) को खण्ड (छ) बमोजिम लिलामको कारवाही शुरु भएपछि सो कारवाही समाप्त हुनु पूर्व कर दाखिला गर्न ल्याएमा बुझाउन बाँकी कूल रकमको थप शत प्रतिशत शुल्क सहित असुल गरिनेछ।

३) लिलामवाट प्राप्त रकम करदाताले तिर्नु पर्ने कर भन्दा दोव्वर रकम भन्दा बढी रकम भएमा तिर्नु पर्ने रकममा थप शत प्रतिशत रकम कटाई वाँकी रकम ६० दिन भित्र सम्वन्धित करदातालाई फिर्ता दिनु पर्नेछ।

४) उपदफा (३) बमोजिम रकम फिर्ता गर्दा निजले उपलव्ध गराएको बैंक खातामा जम्मा गरिदिनु पर्नेछ।

**३२. किस्तावन्दीमा कर असुली**

कुनै खास करदातालाई विशेष परिस्थितिमा समयमा कर तिर्न नसक्ने कारण भई सो कुराको निवेदन गर्न आएमा कर अधिकृतले जँचवुझ गर्दा कारण सन्तोषजनक देखिएमा पर्चा खडा गरी बढीमा एक बर्ष भित्र तीन किस्तामा कर दाखिला गर्न आदेश दिन सक्नेछ। तर ढिला वुझाएमा यस ऐन बमोजिम लाग्ने व्याज मिनाहा हुने छैन।

## परिच्छेद - ११
## जरिवाना, शुल्क र व्याज

**३३. जरिवाना लाग्ने :**

यस ऐनको पालना नगरी करको दायित्व घटाएमा कर अधिकृतले कर विगोको दश प्रतिशत जरिवाना गर्न सक्नेछ।

**३४. व्याज लाग्ने :**

यस ऐन बमोजिम दाखिला गर्नु पर्ने कर समयमा दाखिला गाउँमा तिर्नु बुझाउनु पर्ने रकमको वार्षिक १० प्रतिशत व्याज लाग्नेछ।

**३५. अभिलेख नराखेमा शुल्क लाग्ने :**

यस ऐन बमोजिम अभिलेख राख्नुपर्ने कर्तव्य भएका करदाताले अभिलेख नराखेमा रु.१०००।- शुल्क लाग्नेछ।



खण्ड : ४ शुद्धोधन, माघ ११ गते, २०७७ साल संख्याः १२

**३६. समयमा विवरण दाखिला गाउँमा शुल्क लाग्ने :**

यस ऐन बमोजिम विवरण दाखिला गर्नुपर्ने दायित्व भएका करदाताले समयमा विवरण दाखिला नगरेमा प्रति वर्ष प्रति विवरण रु.५००।- शुल्क लाग्नेछ।

**३७. झुट्टा विवरण दिएमा शुल्क लाग्ने :**

यस ऐन बमोजिम विवरण दाखिला गर्नु पर्ने दायित्व भएका करदाताले झुट्टा विवरण दाखिला गरी करको दायित्व घटाएमा फरक परेको कर रकम असुल गरी सो को १० प्रतिशत थप शुल्क लाग्नेछ।

**३८. व्याज नलाग्ने :**

यस ऐन बमोजिम लाग्ने शुल्क व्याज र जरिवानामा पुनः व्याज लाग्ने छैन।

## परिच्छेद - १२
## पूर्वादेश र प्रशासकीय पुनरावलोकन

**३९. पूर्वादेश माग गर्न सक्ने :**

१) कुनै करदातालाई यस ऐन बमोजिम लगाईएको कर, दस्तुर, शुल्क वा ऐनका व्यवस्थाबारे द्विविधा भएमा सो को निराकरणका लागि निजले प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिन सक्नेछ।

२) उपदफा (१) बमोजिमको निवेदन दिएकोमा प्रमुख प्रशासकीय अधिकृतले द्विविधा निराकरण गर्न पूर्वादेश जारी गरी करदातालाई सो पूर्वादेश उपलव्ध गराउनेछ।

३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि अदालतमा विचाराधिन रहेको वा अदालतवाट निर्णय भैसकेको विषयमा यस दफा बमोजिम पूर्वादेश जारी गर्न सकिने छैन।

४) उपदफा (१) बमोजिमको पूर्वादेश अदालतको आदेशवाट अन्यथा नभएसम्म कायम रहने छ।

**४०. प्रशासकीय पुनरावलोकन हुन सक्ने :**

यस ऐन बमोजिमका देहाय अनुसारका निर्णयमा प्रशासकीय पुनरावलोकन हुन सक्नेछ।

क) कर अधिकृतले गरेको कर निर्धारण, पुनः कर निर्धारण, र संशोधित कर निर्धारण सम्वन्धी निर्णय।

ख) यस ऐन बमोजिम लाग्ने वा लागेको कर र गैर कर राजश्व तथा अन्य दस्तुर, शुल्क, व्याज सम्वन्धी निर्णय।

**४१. प्रशासकीय पुनरावलोकन प्रक्रिया :**

१) यस ऐन बमोजिमको कर निर्धारणको निर्णय उपर चित्त नवुझ्ने करदाताले

सो निर्णय भएको मितिले ३० दिन भित्र प्रमुख प्रशासकीय अधिकृत समक्ष प्रशासकीय पुनरावलोकनको लागि निवेदन दिनु पर्नेछ।

२) उपदफा (१) बमोजिम प्रशासकीय पुनरावलोकनको लागि परेको निवेदन माथि ६० कार्यदिन भित्र कारवाही र किनारा गर्नु पर्नेछ।

## परिच्छेद - १३
## पुनरावेदन

**४२. उजुरी नलाग्ने :**

१) यस ऐन बमोजिम प्रशासकीय पुनरावलोकन गर्न सकिने विषयमा त्यस्तो पुनरावलोकन नभई कुनै अदालतमा कुनै उजुर लाग्ने छैन।

**४३. पुनरावलोकन दिन सक्ने :**

१) प्रशासकीय पुनरावलोकनको निर्णय भएकोमा सो मितिले र प्रशासकीय पुनरावलोकन नहुने विषयमा कारण परेको मितिले चित्त नवुझ्ने पक्षले ६० दिन भित्र सम्वन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

२) जिल्ला अदालतले गरेको निर्णय अन्तिम हुनेछ।

## परिच्छेद - १४
## गैरकर राजश्व

**४४. सेवा शुल्क तथा दस्तुर :**

१) गाउँपालिकाले संविधानको अनुसुची ८ बमोजिमका क्षेत्र र बिषयमा आफुले पुऱ्याएको सेवा वापत सेवा शुल्क तथा दस्तुर लगाई उठाउन सक्नेछ।

२) उपदफा १ बमोजिमको सेवा शुल्क र दस्तूरको दरहरु आर्थिक ऐनले निर्धारण गरे बमोजिम हुनेछ।

**४५. पर्यटन शुल्क**

१) शुद्धोधन गाउँपालिका आफैले निर्माण गरेको पर्यटकीय क्षेत्र वा स्थलहरुमा पर्यटन शुल्क लगाई उठाउन सक्ने छ। पर्यटकीय क्षेत्रमा उपलव्ध गराएको सेवाको लागत संचालन र संभार खर्चलाई आधार मानी पर्यटन शुल्क लगाउनु पर्नेछ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनिशुद्धोधन गाउँपालिकाले आफ्नो क्षेत्र भित्र पर्यटन प्रवेश गरेको आधारमा मात्र शुल्क लगाउने छैन।





**४६ सवारी साधन पार्किङ्ग शुल्क :**

शुद्धोधन गाउँपालिकाले आफुले निर्माण वा व्यवस्था गरेको सवारी साधन पर्किङ स्थलमा सवारी साधन पार्किङ शुल्क उठाउन सक्नेछ। तर नेपाल सरकार र प्रदेश सरकारले निर्माण गरेका राष्ट्रिय र प्रदेश स्तरका राजमार्गको छेउछाउ वा पेटिमा पार्किङ शुल्क उठाउन सक्ने छैन।

**४७. बहाल विटौरी शुल्क :**

शुद्धोधन गाउँपालिकाले सार्वजनिक, स्थानीय सरकारको नाममा रहेको र ऐलानी जग्गा प्रयोग गरे वापत बहाल विटौरी शुल्क लगाई उठाउन सक्नेछ।

१) अव्यवस्थित, भूमीहिन र सुकुम्बासी बसोबास भएका स्थानमा घरले चर्चेको जग्गाको दोब्बर सम्मको जग्गा र सो जग्गामा निर्माण भएको घरमा अव्यवस्थित बसोबास व्यवस्थापन वापत बहाल बिटौरी शुल्क लगाईनेछ।

२) त्यसैगरि उपदफा १ बाहेकको अव्यवस्थित, भूमीहिन र सुकुम्बासीले जोतभोग गर्दै आएको अन्य जग्गामा अव्यवस्थित बसोबास पूर्वाधार विकास शुल्क वापत बहाल बिटौरी शुल्क लगाईनेछ।

३) उपदफा १ र २ बमोजिमको बहाल बिटौरी करका सम्बन्धमा अन्य व्यवस्था दफा १० बमोजिम हुनेछ।

४) गाउँपालिकाले आफ्नो क्षेत्राधिकार भित्र आँफुले निर्माण, रेखदेख वा संचालन गरेका संरचनामा सञ्चालन हुने हाटबजार वा पसलमा बैठकी वापत बहाल बिटौरी शुल्क लगाउनेछ।

५) उपदफा ४ बमोजिमको बहाल बिटौरी करको दर आर्थिक ऐनले निर्धारण गरे बमोजिम हुनेछ।

**४८. जडीबुटी, कवाडी र जीवजन्तु शुल्क :**

१) शुद्धोधन गाउँपालिकाले गाउँपालिका भित्र उत्पादन भई गाउँपालिका बाहिर निकासी हुने जडीबुटी, कवाडी र जीवजन्तुकोकारोवारमा शुल्क लगाई उठाउन सक्नेछ।

२) उपदफा १ बमोजिमको करको दर आर्थिक ऐनले निर्धारण गरे बमोजिम हुनेछ।

**४९. प्राकृतिक स्रोत व्यवस्थापन शुल्क**

१) शुद्धोधन गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका नदि खोलामा जम्मा भएको नदिजन्य पदार्थको व्यवस्थापन गरे वापत शुल्क लिन सक्नेछ।

२) यसैगरि शुद्धोधन गाउँपालिका भित्र स्थापना भएका क्रशर उद्योग, अन्य बिक्री डिपो तथा घाटगद्दिमा रहेको नदिजन्य पदार्थमा पनि यो शुल्क लिन सक्नेछ।

३) यस दफाको उपदफा (१) प्रयोजनका लागि प्रचलित कानून बमोजिम EIA /IEE गराएर प्रतिवेदनले दिएको सुझाव बमोजिम प्राकृतिक स्रोतको उत्खनन् गर्न सकिनेछ।

४) यस दफा बमोजिम शुल्क लगाउंदा शुद्धोधन गाउँपालिका बाहेक अन्य स्थानीय तहमा शुल्क बुझाएको प्रमाण पेश भएमा दोहोरो पर्ने गरि शुल्क लगाईने छैन।

५) यदि व्यक्तिको निजि जग्गामा नदिले नदिजन्य पदार्थ थुपारेको रहेछ भने पनि प्रचलित कानून अनुसार त्यस्तो स्रोत राज्यको सम्पत्ति हुने भएकोले गाउँपालिकाले त्यस्ता जग्गाबाट अमानतमा वा ठेक्का प्रकृयाबाट उत्खनन् गराउन वा जग्गाधनि स्यमंलाई तोकिए बमोजिमको प्रकृया पुरा गरि उत्खनन् अनुमति दिन सक्नेछ।

६) कुनै व्यक्तिले निजि जग्गाको माटो व्यवसायिक प्रयोजनका लागि उत्खनन् गरि तथा ओसार पसार गर्नु चाहेमा गाउँपालिकाले तोकिए बमोजिमको प्रकृया पुरा गरि उत्खनन् अनुमति दिन सक्नेछ।

७) प्राकृतिक स्रोतको व्यवस्थापन शुल्कको दर आर्थिक ऐनले निर्धारण गरे बमोजिम हुनेछ।

**५०. अन्य शुल्क लगाउन सक्ने :**

१) शुद्धोधन गाउँपालिकाले अनुसूची २ मा उल्लेखित बिषय र क्षेत्रमा शुल्क लगाई उठाउन सक्नेछ।

२) स्थानीय सरकारले संविधान र अन्तर सरकारी वित्तीय व्यवस्थापन ऐन २०७४ को विपरीत नहुनेगरी आफैले प्रदान गरेको सेवा, सुविधा र व्यवस्थापन गरेका थप वा नयाँ क्षेत्र वा विषयमा शुल्क लगाउन सक्ने छ।

३) उपदफा (२) बमोजिम सेवा शुल्क लगाउने वा त्यसको दरमा हेरफेर गरेको कुराको विवरण स्थानीय सरकारले त्यस्तो निर्णय भएको मितिले सात कार्य दिनभित्र शुद्धोधन गाउँपालिकाको गाउँ सभाको वैठक नचलेको समयमा त्यस पछि वस्ने सभाका पहिलो वैठकमा पेश गर्नु पर्ने छ।

**५१. छुट वा मिनाहा :**

१) शुद्धोधन गाउँपालिकाले खास अवस्थामा यस ऐन बमोजिम लाग्ने वा लागेको गैरकर राजस्वमा आधार र कारण खुलाई आंशिक वा पूर्ण रुपमाा छुट दिन वा मिनाहा गर्न सक्नेछ । यसरी छुट दिंदा समान अवस्थाका सवै करदातालाई समान व्यवहार गरिनेछ।

२) नेपाल सरकार वा प्रदेश सरकारले कुनै परियोजना वा विकास कार्यका लागि खास सामाग्री, कारोवारमा कर नलाग्ने व्यवस्था गरेकोमा स्थानीय सरकारले तत् तत् सरकारसँग समन्वय गरी कर छुट सम्बन्धी सो





व्यवस्थाको पालना गर्ने गराउने छ।

३) उपदफा (१) बमोजिम गैरकर राजस्वमा छुट वा मिनाहा दिएको विवरण सभाको बैठक चलेको समयमा सभामा र सभाको बैठक नचलेको समयमा त्यस पछि वस्ने सभाको पहिलो बैठकमा पेश गर्नु पर्ने छ।

## परिच्छेद– १५
## समन्वय सम्बन्धी व्यवस्था

**५२. नेपाल सरकारसंग समन्वय :**

१) शुद्धोधन गाउँपालिकाले संघीय कानून वा यस ऐन बमोजिम असूल उपर गर्नुपर्ने कर वा गैरकर राजस्व असूल गर्न एकद्धार प्रणाली अपनाउन सक्नेछ।

२) उपदफा (१) बमोजिमको एकद्धार प्रणली अपनाउन स्थानीय सरकार वा स्थानीय सरकारले अधिकार सुम्पेको अधिकृत वा कर अधिकृतले नेपाल सरकारवा नेपाल सरकारले सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृतसंग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

३) शुद्धोधन गाउँपालिकाले संविधानको साझा सूचिमा रहेका बिषयसंग सम्बन्धित कर वा गैरकर राजस्वका आधार र दर वा कर प्रशासनका संबन्धमा नेपाल सरकार सरकारसंग समन्वय गर्न सक्नेछ।

४) उपदफा (२) र (३) बमोजिमको व्यबस्था अन्तर्गत समन्वय गरी टुंगोमा पुगिएका विषयहरु यस ऐनमा परे सरह मानिने छ र ती व्यवस्थाका हकमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सोहीअनुसार कार्यान्वयन गर्नु पर्नेछ।

**५३. प्रदेश सरकारसंग समन्वय :**

१) शुद्धोधन गाउँपालिकाले प्रदेश कानून वा यस ऐन बमोजिम असूल उपर गर्नु पर्ने कर वा गैरकर राजस्व असूल गर्न एकद्धार प्रणाली अपनाउन सक्नेछ।

२) उपदफा (१) बमोजिम एकद्धार प्रणाली अपनाउन स्थानीय सरकार वा स्थानीय सरकारले अधिकार सुम्पेको अधिकृत वा कर अधिकृतले नेपाल सरकार वा नेपाल सरकारले सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृतसंग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

३) शुद्धोधन गाउँपालिकाले संविधानको साझा सूचीमा रहेका बिषयसंग सम्बन्धित कर वा गैर कर राजस्वका आधार वा दर वा कर प्रशासनका संबन्धमा प्रदेश सरकारसंग समन्वय गर्न सक्नेछ।

४) उपदफा (२) र (३) बमोजिमको व्यवस्था अन्तर्गत समन्वय गरिएका बिषयहरु यस ऐनमा परे सरह मानिने छ र ती व्यवस्थाका हकमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सोहीअनुसार कार्यान्वयन गर्नु पर्नेछ।

५४. केन्द्रीय बैंकसँग समन्वय :

शुद्धोधन गाउँपालिकाले कर र गैरकर राजस्व संकलनका सम्बन्धमा केन्द्रीय बैंक (नेपाल राष्ट्र बैंक) संग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

५५. अन्य निकाय, कार्यालय र संस्थासंग समन्वय :

शुद्धोधन गाउँपालिका वा सो को कुनै अधिकृतले कर तथा गैरकर राजस्वसंग सम्बन्धित बिषयमा नेपाल सरकार र प्रदेश सरकार अन्तर्गतका सरकारी निकाय, बैंक वा संस्थासंग समन्वय गर्न सक्नेछ।

## परिच्छेद १६
## राजस्व प्रस्ताव तर्जुमा तथा सूचना सम्बन्धी व्यवस्था

**५६. राजस्व सम्बन्धी नयां प्रस्ताव :शुद्धोधन गाउँपालिकाले कर तथा गैरकर सम्बन्धी नयाँ कर प्रस्ताव तयार गर्दा सरोकारवालासँग परामर्श गर्नुपर्ने छ।**

५७. सूचना सार्वजनिक गर्नु पर्ने :

१) यस कानुन बमोजिम स्थानीय सरकारले लगाएको कर र गैर कर राजस्व उठाउने कार्यालयको प्रमुखले सो कर र कर राजस्वका दर र त्यसमा भएको हेरफेर सम्बन्धी सूचना सर्वसाधारणकोलागि सार्वजनिक गर्नु पर्नेछ।

२) स्थानीय सरकारले उपदफा (१) बमोनिमका कर, राजस्वका दर र त्यसमा भएको हेरफेर मिलाई स्थानीय सरकारको वेभसाइटमा राख्ने व्यवस्था मिलाउनु पर्नेछ।

३) स्थानीय सरकारले कर र राजस्वका दर र हेरफेर सम्बन्धि विवरण केन्द्रीय सूचना प्रणालीमा समेत राख्ने प्रयोजनका लागि नेपाल सरकार अर्थ मन्त्रालय वा सो मन्त्रालयले तोकेको कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ।

## परिच्छेद - १७
## विविध





५८. विद्युतिय माध्यमको प्रयोग गर्न सक्ने :

यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय सरकारले विद्युतिय माध्यम (अनलाइन) बाट करदातालाई सूचना दिने, करदाताले आफ्नो विवरण र प्रमाण पेश गर्ने कर लगायतको तिर्नु बुझाउनु पर्ने रकम दाखिला गर्ने एवं कर वा त्यस्तो रकम बुझाएको रसिद दिने लगाएतका कर सम्बन्धि अन्य काम कारवाही गर्न सकिने व्यवस्था गर्न सक्नेछ।

५९. ठेक्काबाट राजश्व संकलन गर्न सकिने :

गाउँपालिकाले असुल गर्नु पर्ने वा राजस्व मध्ये देहायका राजश्व ठेक्का बन्दोबस्तिबाट गर्न सक्नेछ।

क) प्राकतिक स्रोत व्यवस्थापन राजश्व (नदिजन्य पदार्थ तथा पोखरी ताल तलैया आदी)

ख) बहाल बिटौरी कर मध्ये हाटबजारबैठकी कर

ग) विज्ञापन कर

घ) जडीबुटी, कवाडी र जीवजन्तु निकासी शुल्क

ङ) पार्किङ्ग शुल्क

६०. अनुसूचीमा हेरफेर :

गाउँ कार्यपालिकाले यस ऐनको अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ र त्यसरी गरिएको हेरफेरको सूचना सभाको बैठक बसेको भए बैठकमा र तत्काल बैठक नबसेको भए त्यस पछि बस्ने सभाको पहिलो बैठकमा पेश गर्नु पर्नेछ।

६१. कागजातको ढाँचा :

१) यो ऐन र यस ऐन अन्तर्गत बनेको निर्देशिकामा उल्लेख नभएको वा नतोकिएको कुनै विवरण ढाँचा तरीका वा जानकारी सम्बन्धमा आवश्यक व्यवस्था गर्न उपयुक्त देखिएमा स्थानीय सरकारले आदेश वा सूचना जारी गरी आवश्यक व्यवस्था गर्न सक्ने छ।

२) उपदफा (१) बमोजिमका आदेश वा सूचना सर्वसाधारणका जानकारीको लागि स्थानीय सरकारको कार्यालय सूचना पाटी वेभसाइट र स्थानीय पत्रपत्रिकाको माध्यमबाट उपलब्ध गराउन सकिने छ।

६२. सूचना तामेली रीत पुगेको मानिने :

१) यस ऐन बमोजिम दिनु पर्ने म्याद, सूचना वा कागजात देहाय बमोजिम बुझाए वा पठाएमासम्बन्धित व्यक्तिलाई बुझाएको वा दिइएको मानिनेछ :

क) सम्बन्धित व्यक्तिलाई नै बुझाएको,

ख) निजको परिवारको उमेर पुगेको सदस्यलाई बुझाएको,

ग) निजको कानून व्यवसायी वा लेखापाललाई बुझाएको,

ङ) कार्यालय संस्था वा निकायको हकमा प्रबन्धक वा प्रशासकीय प्रमुखलाई बुझाएको।

च) कर एकाईको अधिकृतको नाम र पद खुल्ने गरी दस्तखत पठाएको।

२) कर एकाईको अधिकृतको नाम र पद खुल्ने गरी दस्तखत गरिएको, कम्प्यूटर प्रविधिबाट इनस्क्रीप्ट वा इनकोड गरिएको, छाप लगाइएको वा सो कागजातमा लेखी यस ऐन बमोजिम जारी गरिएको, तामेली गरिएको वा दिइएको कागजातलाई रीतपूर्वकको मानिनेछ।

**६३. कागजातको अभिलेख राख्ने :**

१) यस ऐन बमोजिम कर बुझाउनु पर्ने दायित्व भएको प्रत्येक व्यक्ति वा करदाताले देहाय बमोजिमका आवश्यक कागजातहरु सुरक्षित गरी राख्नु पर्नेछ :

क) यस ऐन बमोजिम शुद्धोधन गाउँपालिकामा पेश गर्नु पर्ने कागजात र सोलाई पुष्ट्याई गर्ने सूचना तथा कागजात।

ख) कर निर्धारण गर्न सघाउ पुऱ्याउने कागजातहरु,

ग) खर्च कट्टी गर्नु पर्ने भए सोलाई पुष्ट्याई गर्ने कागजात,

२) शुद्धोधन गाउँ कार्यपालिकाले लिखित रुपमा सूचना जारी गरी अन्यथा तोकेकोमा बाहेक यस दफा बमोजिमका कागजातहरु सम्बन्धित आय वर्ष समाप्त भएको मितिले कम्तिमा ४ बर्षको अवधिसम्म सुरक्षित राख्नु पर्नेछ।

**६४. अदालतलाई भए सरहको अधिकार हुने :**

यस ऐनको प्रयोजनको लागि गाउँ कार्यपालिकाको अधिकार प्राप्त अधिकृतलाई सम्बन्धित व्यक्तिलाई झिकाउने, बयान गराउने प्रमाण बुझ्ने र लिखतहरु पेश गर्न लगाउने सम्बन्धिमा प्रचलित नेपाल कानुन बमोजिम अदालतलाई भए सरहको अधिकार हुनेछ।

**६५. आदेश वा निर्देशन दिन सक्ने :**

संघीय र प्रदेश सरकारले कर प्रशासनलाई प्रभावकारी बनाउन नेपालको संविधान र संघीय तथा प्रदेश सरकारको कर सम्बन्धि कानून र यो ऐनको प्रावधानलाई कार्यान्वयन गर्न गराउन आवश्यक आदेश वा निर्देशन दिन सक्नेछ। यस्तो आदेश वा निर्देशन पालना गर्नु गाउँ कार्यपालिकाको कर्तव्य हुनेछ।

**६६. कर अधिकृतको परिचय पत्र :**

कर एकाईमा काम गर्ने प्रत्येक कर अधिकृत र अन्य कर्मचारीले परिचय पत्र आफ्नो साथमा राख्ने, काम गर्ने समयमा लगाउने र कर्तव्य पालनाको सिलसिलामा परिचय पत्र सम्बन्धित व्यक्तिलाई देखाउनु पर्नेछ।

**६७ विभागीय कारवाही र सजाय हुने :**

१) कर अधिकृत वा कर प्रशासनसंग सम्बन्धित कुनै कर्मचारीले कर तिर्नु बुझाउनु पर्ने दायित्व भएको व्यक्ति वा करदातालाई हानी नोक्सानी





पुर्याउने, करको दायित्व घटीबढी गर्ने, समान अवस्थामा करदाता बीच असमान व्यवहार गर्ने, कुनै करदातालाई अनुचित फाइदा पुर्याउने वा करदाताबाटआफ्नो वा अरु कसैको निजी स्वार्थ पुर्ति गर्ने उद्देश्यले कुनै काम गरेमा वा कानून बमोजिम गर्नु पर्ने काम समयमा नगरी दुख वा हैरानी दिएमा सम्बन्धित व्यक्तिले स्थानीय सरकारको प्रमुख प्रशासकीय अधिकृत समक्ष उजुर गर्न सक्नेछ।

२) उपदफा (१) बमोजिम उजुर परेमा प्रमुख प्रशासकीय अधिकृतले आवश्यक छानबिन गरी सम्बन्धित कर्मचारीको सेवा सम्बन्धि कानून बमोजिम आफूलाई कारवाही गर्ने अधिकार भएको विषयमाआफैले विभागीय कारवाही गर्ने र कारवाही गर्ने अधिकार नभएको विषयमा विभागीय कारवाहीको लागि

**अधिकारप्राप्त अधिकारी समक्ष रायसाथ पेश गर्नेछ।**

३) उपदफा (२) बमोजिम छानविन गर्दा प्रचलित कानून बमोजिम अनुचित कार्य गरेको कुरा खुल्न आएमा अधिकार प्राप्त अधिकारीले आवश्यक कारवाही गर्न सक्नेछ।

४) उपदफा (३) बमोजिम छानविन र कारवाही गर्दा प्रमाण नष्ट हुन सक्ने भएमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो कर अधिकृत वा अन्य कर्मचारीलाई सम्बन्धित कानुन बमोजिम निलम्बन गर्न सक्नेछ।

५) उपदफा (२) बमोजिम छानबिन गर्ने अवधी भर सो अधिकृतलाई कर अधिकृतको जिम्मेवारीबाट अलग राखिने छ। (६) उपदफा (३) बमोजिमको छानविन गर्ने र कर अधिकृतको जिम्मेवारीबाट अलग राख्ने अवधि तीन महिना भन्दा बढी हुने छैन।

**६८. पुरस्कृत गर्न सक्ने :**

१) शुद्धोधन गाउँपालिकाले यथार्थपरक र विश्वसनीय रुपमा तथा कानूनले तोकेको म्याद भित्र विवरण बुझाउने, लागेको कर दाखिला गर्ने अधिकृतले अनुरोध गरेका सूचना उपलब्ध गराउने तीन जना करदातालाई प्रत्येक वर्ष पुरस्कार दिने व्यवस्था गर्न सक्ने छ।

२) उपदफा (१) बमोजिम दिइने पुरस्कार सम्बन्धि अन्य व्यवस्था शुद्धोधन गाउँपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

**६९. प्रोत्साहन गर्न सकिने**

राजश्व संकलन र परिचालन क्षमता बढाउनको लागि प्रोत्साहन वापत यस कानून बमोजिम संकलन हुने राजश्वको केही अंश राजश्व संकलन गर्ने वडाको पूर्वाधार निर्माण कार्यक्रमका लागि आर्थिक ऐनमा व्यवस्था गरि थप अनुदानको रुपमा छुट्टाउन सकिनेछ।

**७०. म्याद, हदम्याद नजाने :**

यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए पनि यस ऐन बमोजिम म्याद वा हदम्याद गणना गर्दा देहायको अवधि बाहेक गरी गणना गरिनेछ :

क) अदालतबाट स्थगन वा कर अधिकृत वा अन्य सरकारी निकायबाट रोक्का वा स्थगन भएको अवधि,

ख) पुनरावलोकन गरेकोमा पुनरावेदन तहको अन्तिम निर्णय भएको जानकारीप्राप्त नभए सम्मका अवधि

**७१. निर्देशिका वा कार्यविधि बनाउने अधिकार :**

यस ऐन बमोजिमको काम प्रभावकारी रुपमा गर्न स्थानीय सरकार वा सो सरकारले अख्तियारी दिएको अधिकारीले आवश्यक निर्देशिका वा दिग्दर्शन बनाउन सक्नेछ।

## अनुसूची १
### (दफा १० उपदफा (६) संग सम्बन्धित
### ह्रासकट्टी गर्ने तरीका

यस ऐन वमोजिम सम्पत्तिको ह्रासकट्टी गर्ने तरीका समान कट्टी तरीका ( युनिफर्म चार्ज मेथड) को स्थायी किस्ता विधि अनुसार हुनेछ। यसको गणना देहाय बमोजिम गर्नु पर्नेछ।

सुत्र : ह्रासकट्टी रकम = (सम्पत्तिको प्रारम्भिक मूल्य – अनुमानित शेष मूल्य)/ सम्पत्तिको आयु (वर्ष)

उदाहरण :

कुनै सम्पत्तिको मूल्य शुरुमा रु १००००००। छ यसको आयु २० वर्ष छ। २० वर्ष पछि यो सम्पत्ति बिक्री गर्दा रु २०००००। आउछ भने यसको प्रति वर्ष ह्रासकट्टी रकम निम्नानुसार हुन्छ।

ह्रासकट्टी रकम = (१००००००-२०००००)/२०
= ८०००००/२०
= ४००००।-

( प्रतिवर्ष रु.४००००। ह्रासकट्टी खर्च घटाउन पाईन्छ।)





## अनुसूची २
### (दफा ५० उपदफा (१) संग सम्बन्धित)
### स्थानीय सरकारले शुल्क लगाई उठाउन सक्ने विषय क्षेत्र

१. खानेपानी, धारा, पोखरी र घाट
२. बिजुली
३. टेलिफोन
४ वातावरण, फोहोरमैला व्यवस्थापन, सरसफाई र ढल व्यवस्थापन
५. शौचालय, स्नान गृह
६. सार्वजनिक पार्क
७. पशु बधशाला
८. अतिधि गृह र छात्रवास
९. अचल सम्पत्ति मुल्यांकन शुल्क
१०. मर्मत सुधार

(आफूले निर्माण गरेका यस अनुसूचीमा उल्लिखित साधन र सुविधाको मर्मत सुधारमा लाग्ने खर्च सम्बन्धी)

**प्रमाणिकरण मिति : २०७७/१०/११**

आज्ञाले
रविन्द्र प्रसाद चौधरी
प्रमुख प्रशासकीय अधिकृत